विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- हाल प्रचलनमा रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा अदालतले फैसला गर्दाका बखत कुनै कसुरदारलाई विद्युतीय निगरानीयन्त्र जडान गरी घरमा बसी कैद भुक्तान गर्न सक्ने गरी आदेश दिन सक्ने व्यवस्था नरहेको हुँदा अब अदालतले फैसला गर्दाका बखत कुनै कसुरदारलाई विद्युतीय निगरानीयन्त्र जडान गरी घरमा बसी कैद भुक्तान गर्न सक्ने गरी आदेश दिन सक्ने व्यवस्था गर्न,
- हाल स्थानहद तोकी प्यारोलमा छोड्न सक्ने व्यवस्था नरहेको हुँदा अब पचहत्तर वर्ष उमेर पूरा गरेका वा असाध्य रोग वा शारीरिक कारणले आफ्नो स्याहार आफैं गर्न नसक्ने कैदीलाई प्रोवेशन तथा प्यारोल बोर्डले स्थानहद तोकी प्यारोलमा छोड्न सक्ने व्यवस्था गर्न,
- शुरु अदालतबाट एकपटक सुनुवाई भई सजाय निर्धारण भएकोमा शुरु अदालतबाट भएको फैसला पुनरावेदन सुन्ने अदालतबाट सदर भएमा यस दफा बमोजिम सुनुवाई गर्नु नपर्ने व्यवस्था गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने सम्बन्धी व्यवस्था सहज र प्रभावकारी हुने।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ बमोजिमका कसूर तथा सजाय सम्बन्धी प्रस्तुत विधेयक हाल कायम रहेकै व्यवस्थाबाट कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोगः**

- फौजदारी कसूर, सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी सरलीकृत व्यवस्थाले दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं १६ मा उल्लिखित विषय कार्यान्वयन गर्न सहज हुने र दिगो विकासको लागि सबैलाई न्यायमा पहुँच प्रदान गर्न सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- फौजदारी कसूर, सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी प्रक्रियागत व्यवस्थामा सहजता कायम हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- नभएको।

**७. अन्य आवश्यक विषयः**

- विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेकोः-
    - छ महिनासम्म कैद सजाय निर्धारण भएको कसूरदारलाई सामुदायिक सेवा गर्न आदेश दिन सक्ने व्यवस्थालाई संशोधन गरी तीन वर्षसम्म गर्ने,
    - कैदको अवधिको दुई तिहाई अवधि भुक्तान गरिसकेको कैदीलाई खुल्ला कारागारमा राख्न सकिने व्यवस्थालाई संशोधन गरी चालीस प्रतिशत भुक्तान गरिसकेको व्यवस्था गर्ने,
    - पचहत्तर वर्ष उमेर पूरा गरेका वा असाध्य रोग वा शारीरिक कारणले आफ्नो स्याहार आफैं गर्न नसक्ने कैदीलाई प्रोबेशन तथा प्यारोल बोर्डले स्थानहद तोकी प्यारोलमा छोड्न सक्ने,
    - आफूले दिएको जाहेरी दर्खास्त वा अनुसन्धान अधिकृत समक्षको बयान विपरीत हुने गरी आफू विरुद्धमा कसूर नभएको वा प्रतिवादीले कसूर नगरेको भनी अदालतमा प्रतिकूल बकपत्र गर्ने पीडितलाई अदालतले क्षतिपूर्ति नभराउने व्यवस्था गर्न।